# भुजी लिग रनिङ शिल्ड फुटबल प्रतियोगिता
## भुजी लिग २०७३

### नियम तथा शर्तहरु

| १.समान्य जानकारी | |
|---|---|
| खेल संचालन अवधि | |
| सुरु मिति | अन्तिम मिति |
| २०७३ साल कार्तिक ५ गते शुक्रबार | २०७३ साल कार्तिक १२ गते शुक्रबार |
| स्थान : भुजी खेलकुद मैदान, भुजि-४, रामेछाप | |
| आयोजक :- लिखुभुजी रामेछाप युवा क्लव ,भुजी, रामेछाप । | |

**२. पुरस्कार राशि सम्बन्धि जानकारी:**

| प्रथम | दितिय | तृतीय |
|---|---|---|
| भुजी लिग ट्रफि<br>नगद पुरस्कार रु. ५१,५००।०० | नगद पुरस्कार<br>रु.२५,५००।०० | नगद पुरस्कार<br>रु.१३,५००।०० |
| मेडल तथा प्रमाणपत्र | मेडल तथा प्रमाणपत्र | मेडल तथा प्रमाणपत्र |

**३. थप पुरस्कारहरु:**

क. सर्बोत्कृष्ठ खेलाडी (Best Player) लाई ट्रफि ।

ख. सार्बधिक गोल कर्ता (Top Scorer) लाई ट्रफि ।

ग. सर्बोत्कृष्ठ गोल रक्षक (Best Goal Keeper) लाई ट्रफि ।

घ. Best Defender लाई ट्रफि ।

ङ. Best Midfielder लाई ट्रफि ।

च. स्थानीय युवालाई खेलाडीहरुलाई प्रोत्साहन गर्नका लागि स्थानीय स्तरका उत्कृष्ठ खेलाडी मध्येबाट एक जनालाई Local Rising Star of The Year 2016 Trophy. ट्रफि प्राप्त गर्ने खेलाडीले ट्रफि ७ दिन भित्र आयोजकलाई फिर्ता गर्नु पर्नेछ र सो फिर्ता गरे पश्चात खेलाडीले नगद रकम रु.५०००।०० ( अक्षेरेपी पाँच हजार रुपैयाँ मात्र) उपलब्ध गराईने छ ।

छ. सेमिफाईनल देखि माथिका प्रत्येक खेलमा उत्कृष्ठ खेल प्रदर्शन गर्ने खेलाडीलाई Man of the Match घोषणा गरी आकर्षक पुरस्कार प्रदान गरिनेछ ।

ज. माथि उल्लेखित ब्यक्तिगत पुरस्कारहरुको लागि उमेदवार छनौट गर्दा र पुरस्कृत गर्दा एन्फाबाट तालिम प्राप्त र कुनै पनि डिभिजन स्तरीय क्लबसंग आवद्ध भएको खेलाडीहरुलाई भन्दा प्रत्येक टीमका स्थानीय स्तरका क्लब वा संघ/संस्थाबाट उत्पादित खेलाडीहरुलाई बढी प्राथमिकता दिईनेछ ।

**४. खेलमा सहभागि हुने टीमले पालना गर्नु पर्ने नियम तथा शर्तहरु:**

४.१) प्रतियोगिता भन्नाले लिखुभुजी रामेछाप युवा क्लबद्वारा आयोजित भुजी लिग रनिङ शिल्ड फुटबल प्रतियोगिता को छैटौं संस्करण, **भुजी लिग २०७३** (Bhujee League - 2016) लाई बुझ्नु पर्दछ ।

४.२) यस प्रतियोगीतामा जुनसुकै संघ/संस्था एवं टीमहरुले स्वतन्त्र रुपमा भाग लिन सक्ने छन् तर प्रत्येक सहभागि टिमले सम्बन्धित गा.वि.स वा संघ/संस्थाको अनुमति पत्र पेश गर्नु पर्नेछ ।

४.३) सहभागि हुन आउने सबै टीमको जर्सि कलर दर्ता अवधिमा नै जानकारी गराउनु पर्नेछ । साथै खेलाडिले प्रयोग गर्ने सम्पुर्ण सामग्री अनिवार्य हुनेछ । अन्यथा खेल मैदानमा प्रवेश गराईने छैन ।

४.४) तोकिएको मिति भन्दा विलम्ब भई दर्ता हुन आएका टीमहरुको दर्ता स्वीकृत गरिने छैन ।

४.५) टीम दर्ता गर्न आउँदा टिम दर्ताको लागि आवश्यक सम्पूर्ण कागजातहरु सहित संघ/संस्थाको आधिकारिक ब्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ । सम्पूर्ण खेलाडिहरुको पास्पोर्ट साईजको फोटो र अनुसूचि फारममा उल्लेख भए अनुसारको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । *(अनुसूचि फारम र पत्र क्यलबको फेसबुक पेज र वेभसाईटमा समेत उपलब्ध छ ।)*

४.६) प्रत्येक सहभागि टिमले कुनै खेलाडीको नाम परिवर्तन गर्नु पर्ने भए आयोजना अवधि भरीमा कुनै पनि खेल नखेलेको खेलाडीको स्थानमा नयाँ खेलाडीको नाम राख्न पाईनेछ । तर सो सम्बन्धमा सम्बन्धित टिमले आयोजकलाई २ घण्टा पूर्व नै जानकारी गराउनु पर्ने छ ।

४.७) खाने, बस्ने स्थानको ब्यवस्था आयोजकले गर्नेछ र सो वापत लाग्ने खर्च टीम स्वयंले ब्यहोर्नु पर्नेछ । साथै टिम दर्ता गर्न आउदा खाना र आवास गृह बुकिङ को लागि प्रत्येक टीमले रु.१०,०००। (अक्षेरेपी दश हजार रुपैयाँ मात्र) अग्रिम रुपमा भुक्तानी गर्नु पर्नेछ । सो रकम सम्बन्धित घर धनिलाई बुझाए पश्चात मात्र खाना र आवासको सुनिश्चित भएको मानिने छ । बाँकी रकमको हिसाब मिलान भने सम्बन्धित टीम र घर धनिले आपसी सहमतिमा मिलान गर्न सक्नेछन् ।

४.८) खेल फिफा, ए.एफ.सि.को सामान्य नियम र आयोजकले निर्धारण गरेको नियम बमोजिम खेलाईने छ । साथै कुनै पनि विवाद उत्पन्न भएमा खेल मैदान भित्र रेफ्रि र अन्य विवादको सन्दर्भमा अयोजकले गठन गरेको खेलकुद समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४. ९) Match Fixing गर्ने टिम र अन्य कुनै विषयमा चित्त नबझेको सन्दर्भमा यदि कुनै पनि टीमले सप्रमाण उजुरी दर्ता गर्न चाहेमा रु.२०००।०० (अक्षेरेपि दुई हजार मात्र) शुल्क सहित खेलकुद समिति समक्ष उजुरी दर्ता गर्न सक्नेछन् । यदि समितिको अनुसन्धान र पेश गरेको प्रमाणले उजुरी प्रमाणित भएमा उजुरी गर्ने टीमले उजुरी दर्ता गर्दा तिरेको शुल्कमा २५ प्रतिशत रकम कट्टा गरी फिर्ता गरीनेछ र दोशी टिमलाई यस लिगको आगमि एक संस्करणमा प्रतिबन्ध लगाईने छ भने ब्यक्ति भएमा नियमानुसार कारवाहीका लागि सम्बन्धित निकायमा पेश गरिनेछ । Match Fixing प्रमाणित नभएमा शुल्क वापत बुझाएको रकम फिर्ता गरिने छैन ।

४.१०) खेल अवधिमा सहभागि खेलाडी, टिम कोच र म्यानेजरले माधक पदार्थ सेवन गरी खेल मैदान प्रवेश गरेमा, रेफ्रि उपर अमर्यादीत किसिमको ब्यवहार (घेरावन्दि गर्ने, हात पात गर्ने, मुख छोड्ने आदी) गरेमा रेफ्रिले तत्कालिन आवस्थामा लिएको निर्णयलाई नै अन्तिम निर्णयको रुपमा लिईनेछ ।

४.११) सहभागि हुन आउने टीमका कुनै पनि सदस्यहरुले स्थानीय स्तरमा सामाजिकरुपमा वर्जित गरिएका क्रियाकलापहरुमा संलग्न भएको देखिए वा भेटिए वा उजुरी पर्न आएमा नीजहरुलाई नियमानुसार कारवाहीका लागि सम्बन्धित निकायमा पेश गरिनेछ ।

४.१२) प्रतियोगितामा सहभागि हुन आउने टीमले टीम दर्ता शुल्क वापत नगद रु.३,०००।- (अक्षरुपि तीन हजार रुपैयाँ मात्र) टिम दर्ता गर्न आउँदा बुझाउनु पर्नेछ । कार्ड वापतको रकम सन्दर्भमा भने प्रत्येक खेलको स्टार्टिङ लिस्टसंगै नगद रकम रु.१५०० (अक्षरुपि एक हजार पाँच सय रुपैयाँ मात्र) डिपोजिट गर्नु पर्नेछ । सो रकमको हिसाव मिलान सोही खेल समापन भए पश्चात तत्काल गरिनेछ । पहेंलो कार्ड वापत प्रति कार्ड रु.२००।- (दुई सय रुपैयाँ मात्र) र रातो कार्ड वापत प्रति कार्ड रु.५००।- (पाँच सय रुपैयाँ मात्र) जरिवाना लाग्नेछ ।

४.१३) प्रतियोगितामा सहभागि हुन आउने टीमको खेलाडी वा सदस्यहरुलाई कनै किसिमको चोट पटक लागेमा आयोजक जिम्मेवारी हुने छैन ।

४.१४) खेल लिग कम नक आउटको आधारमा खेलाईनेछ ।

४.१५) सहभागि टिममा प्रति टीम १६ (११ + ५) जना खेलाडी, १ जना टिम म्यानेर/कोच र १ जना मेडिकल अफिसर गरी जम्मा १८ सदस्यिय हुनुपर्ने छ । प्रत्येक टिमले आफुलाई आवश्यक पर्ने सबै मेडिकल ईन्स्टुमेण्टहरु (स्टेचर वाहेक) आफैले ब्यवस्था गर्नु पर्नेछ ।

४.१६) भुजी लिग ट्रफिको सक्कल थान सेलेब्रेसनका लागि मात्र उपलब्ध गराईने छ र सो सेलेब्रेसन सकिए पश्चात सो आयोजकलाई नै फिर्ता गर्नु पर्नेछ । आयोजकले टिमलाई संस्था वा क्लव वा गा.वि.स.मा प्रदर्शनका लागि भुजी लिग ट्रफिको सट्टा अर्को डम्मि उपलब्ध गराउनेछ । सो पनि ३ महिना भित्रमा आयोजकलाई नै फिर्ता गर्नु पर्नेछ ।

## ५. कार्यक्रम तालिका

टीम दर्ता प्रारम्भ : २०७३ साल आश्विन १४ गते सुक्रबार देखि

टीम दर्ता सम्पन्न : २०७३ साल कार्तिक ४ गते विहिबार अपह्रान्न १:०० बजे सम्म ।

टाईशिट प्रकाशन : २०७३ साल कार्तिक ४ गते अपरान्ह ४ बजे खेल मैदान परिसरमा ।

**खेल उत्घाटन समारोह तथा सुचारु:**

मिति २०७३ साल कार्तिक ५ गते सुक्रबार विहान ठीक १० बजे देखि उत्घाटन समारोह ।

मिति २०७३ साल कार्तिक ५ गते सुक्रबार अपरान्ह २:३० बजे देखि उत्घाटन खेल प्रारम्भ ।

खेल समापन समारोह मिति २०७३ साल कार्तिक १२ गते सुक्रबार ।

***(खेलमा सहभागि हुन आउने टिमहरुको संख्या र मौसमको अनुकुलता रहेमा निर्धारित समय पूर्व नै खेल सम्पन्न गर्न पनि सकिनेछ ।***

## ६. अन्य आकर्षणहरु:

विविध सांस्कृतिक कार्यक्रम तथा झाँकी (सुनुवार, नेवार, तामाङ आदी), स्थानीय परिकारहरुको स्वाद र हरेक साँझ विभिन्न किसिमका डकुमेन्ट्रिहरु प्रदर्शन ।

सम्पर्क व्यक्तिहरु : शेर कुमार सुनुवार (९८४४२८४०८४), मनोज कुमार सुनुवार (९८०८७२९६७९), सुदीप सुनुवार (९८६००४४४२१), कृष्ण सुनुवार (९८४१५६७५९२), नवराज सुनुवार (९८६००९१९५४), राजेश सुनुवार (९८४४२४४१२५), पवन सिं बराईली (९८४३७६२०४६) ।

Website: www.libhura.com;
Facebook Page: https://www.facebook.com/LBRYC.yth4/?fref=ts
Email: yth_4@yahoo.com

**धन्यवाद**